# १८ औं नगर परीषद् (आर्थिक वर्ष ०६८।६९) का

## विशेष निर्णयहरु:

निर्णय नं. १ पुरानो बसपार्कमा बहुतलीय पार्किङ्ग सहित बहुउद्देस्यीय प्रयोजनका लागि नेपाली परम्परागत शैली र चरित्रमा आधारित बहुतलीय भवन "**काठमाडौं टावर (Kathmandu Tower)**" निजी क्षेत्रको लगानीमा निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं. २ महानगरभित्र र वरपरका शहरलाई सवारी आवागमनले जोड्न र सुगम यातायात सन्जाल निर्माणका लागि **Metro Bus** संचालानार्थ खुल्ला प्रतिस्पर्धाबाट निजी क्षेत्रलाई सहभागीका लागि आव्हान गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ काठमाडौं महानगर क्षेत्र भित्र सडक बत्तीको रुपमा प्रयोगार्थ सौर्य उर्जा जडान र उपयोग गर्न खुल्ला प्रतिस्पर्धाबाट नीजिक्षेत्रलाई आव्हान गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ कामपाको संगठन संरचना सम्बन्धी कार्य गर्न बिज्ञ परामर्शदातालाई जिम्मेवारी दिइएकोमा संस्थागत संरचना र प्रस्तुत दरवन्दी सम्बन्धि पेश गरेको प्रतिवेदनलाई दुई महिनाभित्र दलीय संयन्त्रले सहमति प्रदान गरेपछि मात्र लागू गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ कामपाका देहायबमोजिम विनियमावली, निर्देशिका, कार्यविधिहरु कार्यान्वयनका लागि दलीय संयन्त्रले अनुमोदन गरेपछि मात्र लागु गर्ने निर्णय गरियो ।

१. सुशासनलाई टेवा, मुस्कान सहितको सेवा (का.म.पा.का कर्मचारीहरुको शिष्टाचार तथा आचार संहिता), २०६७
२. नगरप्रहरी विनियमावली, २०६८
३. वडा कार्यालय प्रशासनिक कार्यविधि, २०६८
४. मेट्रो एफ.एम. संचालन निर्देशिका, २०६८
५. कामपा कर्मचारीको गुनासो तथा आचरण व्यवस्थापन निर्देशिका, २०६८
६. कामपा वित्तिय तथा वस्तुगत अनुदान विनियमावली, २०६८
७. कर्मचारी सेवा शर्त सम्बन्धी विनियमावली, २०६१ (संशोधन)
८. महानगर कर्मचारी युनियन (आधिकारीक) गठन र संचालन सम्बन्धी निर्देशिका, २०६८
९. कामपा शहरी नीति तथा योजना आयोग गठन एवम् संचालन निर्देशिका, २०६८
१०. बहालकर विनियमावली, २०६८
११. कामपा अग्नी नियन्त्रण सम्बन्धी विनियमावली, २०६८
१२. व्यवसाय कर विनियमावली, २०६८

१३. कानूनी कार्वाही सम्बन्धी निर्देशिका, २०६८
१४. हनुमानढोका दरबार क्षेत्र संरक्षण कार्यक्रम कार्य निर्देशिका, २०६८
१५. सरूवा मापदण्ड, २०६८

निर्णय नं. ६ काठमाडौं महानगरपालिकामा विभिन्न सेवा तथा समूहमा कार्यरत सहायक स्तरका कर्मचारीहरुले सेवा तथा समूह परिवर्तनको लागि एकपटकको निमित्त समान पद, तह तथा सेवा समूहमा नियमानुसार परिवर्तन गर्न सहमति दिने र देहाय बमोजिमका प्रक्रिया पुरा गर्ने गरी उपरोक्त बमोजिम गर्ने निर्णय गरियो ।

(क) कम्तिमा ३ वर्ष स्थायी सेवा गरेको,
(ख) तह, पद तथा सेवा परिवर्तन गर्न लागिएको पदमा निवेदकको योग्यता भएको र प्रचलित मापदण्ड पुरा गरेको,
(ग) आवश्यक शैक्षिक योग्यता भएको र उक्त पदसंगै सुहाउंदो सम्बन्धित सेवा समुहको ज्ञान भएको र योग्यता परीक्षणमा उतीर्ण भएको ।
(घ) स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २१३(ख) को व्यवस्थालाई कुनै प्रभावित नगरी खुल्ला प्रतियोगिताबाट पदपूर्ति हुने पदमा निर्धारण हुने संख्याको अधिकतम १० प्रतिशतमा तह, पद र सेवा परिवर्तन गर्ने ।
(ङ) यसरी तह, पद र सेवा परीवर्तन गर्दा निवेदकहरुको जेष्ठता र निवेदन दर्ता मितिलाई प्राथमिकता दिने ।

निर्णय नं. ७ काठमाडौं महानगरपालिकाले मिति २०६८ असार २६ गते घोषणा गरेको **"काठमाडौं घोषणा २०६८"** लाई क्रमशः लागु गर्दै लैजाने निर्णय गरियो ।

निर्णय नं. ८ **काठमाडौं घोषणा २०६८** को कार्यान्वयन, अनुगमन तथा मूल्यांकन गर्ने तहगत संरचना पद्धती देहाय बमोजिम गर्ने गरी निर्णय गरियो ।

- केन्द्रीय कार्यान्वयन अनुगमन तथा मूल्यांकन समिति
- विभागीय कार्यान्वयन तथा अनुगमन समिति
- वडा कार्यान्वयन समिति

**केन्द्रीय कार्यान्वयन अनुगमन तथा मूल्यांकन समिति**

| | |
|---|---|
| प्रमुख तथा कार्यकारी अधिकृत | संयोजक |
| सबै विभागीय प्रमुखहरु | सदस्य |
| सबै विभागीय अनुगमन अधिकृतहरु | सदस्य |
| विज्ञ/विशेषज्ञहरु | सदस्य |
| सल्लाहकारहरु | सदस्य |
| सहायक कार्यकारी अधिकृत | सदस्य सचिव |

**विभागीय कार्यान्वयन अनुगमन समिति**

| | |
|---|---|
| विभागीय प्रमुख | संयोजक |
| सबै महाशाखा प्रमुखहरु | सदस्य |
| सबै अधिकृतहरु | सदस्य |
| अनुगमन अधिकृत | सदस्य सचिव |

**वडा कार्यान्वयन समिति**

| | |
|---|---|
| वडा सचिव | संयोजक |
| नगर प्रहरी (सई/असई) | सदस्य |
| जुनियर ईञ्जिनियर | सदस्य |
| राजश्व कर्मचारी | सदस्य |
| स्यानिटेशन सुपरभाइजर | सदस्य |
| स्वास्थ्य सहायक | सदस्य |
| वडा अनुगमनकर्ता | सदस्य सचिव |

**वित्तीय परिचालन र व्यवस्थापन सम्बन्धी**

निर्णय नं. ९ स्थानीय स्वायत्त शासन नियमावली, २०५६ र प्रचलित कानूनमा घरजग्गा कर लगाई असुल गर्ने प्रयोजनको लागि तोकिएको घरको मूल्यांकन दर सम्बन्धी व्यवस्था समयसामयिक परिमार्जन गर्न नेपाल सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. १० प्रचलित कानून अनुसार घरजग्गा कर लिने घरजग्गाको कतिपय अवस्थामा मालपोत कर मात्र लिई घरजग्गा कर नतिर्ने परीपाटीलाई अन्त्य गर्न चालू आ.व.बाट मालपोत कर लिंदा घरजग्गा कर तिर्नुपर्ने हो होइन अनिवार्य हेरी तिर्नु पर्ने भए घरजग्गा कर र मालपोत करको एकमुष्ट हिसाब गरी कर लिने व्यवस्था मिलाउने निर्णय गरियो ।

निर्णय नं. ११ क) आ.व. ०६८।६९ मा घर जग्गा कर निर्धारण गर्दा आ.व. ०६७।६८ को नगरपरिषद्ले निर्धारित गरेको जग्गाको दररेट अनुसार नै मूल्यांकन गर्ने र आ.व. ०६६।६७ मा निर्धारण भइ तिरेको करमा बढीमा १०० प्रतिशत ननघाई कर लगाई असुल उपर गर्ने निर्णय गरियो ।

ख) राष्ट्रिय सभागृहको चौरमा कार्यक्रम गर्दा रु.८,००० ( आठ हजार) भाडा लिने । हल भाडा लिनेको हकमा साविक अनुसार नै लिने ।

निर्णय नं. १२ वार्षिक लक्ष्य अनुसार कर संकलन पूरा गर्ने वडा तथा राजश्व संकलन केन्द्रका कर टोलीमा संलग्न कर्मचारीलाई मात्र एकमुष्ट शुरु तलबको

पचास प्रतिशत, लक्ष्य भन्दा ५० प्रतिशत बढी राजश्व संकलन गर्दा शत प्रतिशत प्रोत्साहन स्वरुप बार्षिक मूल्यांकन गरी वार्षिक रुपमा एक मुष्ठ उपलब्ध गराउने निर्णय गरियो । बार्षिक अनुमानित आयलाई आधार मानी लक्ष्य निर्धारण गरीने छ ।

निर्णय नं. १३ कर सहभागिता अभियान प्रभावकारी ढंगले सम्पादन गर्न कार्यविधि र कार्यतालिका तयार गरी दलीय संयन्त्रको सहमतिमा लागू गर्ने निर्णय गरियो ।

निर्णय नं. १४ महानगरपालिका क्षेत्रमा वार्षिक रुपमा सवारी साधनको संख्या विस्तार हुँदै गएको, करदाताको सुविधाको लागि यातायात व्यवस्था कार्यालय परिसरमा नै सवारी साधन कर संकलन काउण्टर खोली कर संकलनको प्रयास गर्दा प्रभावकारी हुन नसकेकोले आगामी आर्थिक वर्ष २०६८।६९ देखि महानरपालिकाले सम्बन्धित निकायको सहयोग लिई यो कर महानगरपालिकाको सबै वडा कार्यालयबाट संकलनको व्यवस्था गरी यसको लगत समेत अद्यावधिक गर्ने निर्णय गरियो । कर संकलनमा सहयोग गरे वापत कार्वाही परेका सवारी साधन धनीबाट संकलित जरीवाना रकमको २५ प्रतिशत बराबर रकम सहयोग गर्ने सम्बन्धित निकायलाई उपलब्ध गराउनको लागि आवश्यक व्यवस्था गर्ने निर्णय गरियो ।

निर्णय नं. १५ प्रदुषण शुल्कवापत सरकारले वार्षिक रुपमा संकलन गर्ने रकमबाट काठमाडौं महानगरपालिका क्षेत्रमा आपूर्ति हुने पेट्रोलियम पदार्थको अनुपातमा वार्षिक रुपमा सो रकम महानगरपालिकालाई उपलब्ध गराउन नेपाल सरकारलाई अनुरोध गर्ने र यसको लागि विशेष पहलकदमी गर्ने निर्णय गरियो ।

निर्णय नं. १६ होर्डिङ्गबोर्ड लगायत विज्ञापन जन्य सामाग्रीहरुलाई थप व्यवस्थित गरी कर संकलन कार्यमा निजी क्षेत्रको सहकार्य सम्बन्धि एक निर्देशिका बनाई दलीय संयन्त्रको सहमति पश्चात खुल्ला प्रतिस्पधाको लागि आव्हान गर्ने निर्णय गरियो।

निर्णय नं. १७ शहरमा व्याप्त होर्डिङ्ग बोर्डहरुले शहर नै अशोभनीय देखिएको हुँदा सबै सार्वजनीक स्थलहरुमा राखिएको अशोभनीय होर्डिङ्ग बोर्डहरु यसै आ.व.को असोज मसान्त भित्र हटाउन कार्यान्वयन विभागलाई निर्देशन दिने निर्णय गरियो।

निर्णय नं. १८ करदाता लगत संकलन कार्यक्रमलाई नमुना योजनाको रुपमा वडा नं. १६, २२, २४, २५, २९, ३०, र ३१ गरी जम्मा ७ वटा वडाहरुमा शुरुवात गरिनेछ । सो करदाता लगत संकलन कार्य खुल्ला प्रतिस्पर्धाद्वारा नीजि क्षेत्र मार्फत सम्पन्न गर्ने गराउने निर्णय गरियो ।

निर्णय नं. १९ घरजग्गा कर समयमै तिर्न करदातालाई प्रोत्साहन गर्ने उद्देश्यले आगामी आ.व. ०६८।६९ को आश्विन मसान्तसम्म कर तिर्ने करदातालाई यस वर्षको लाग्ने करमा १० प्रतिशत छुट दिई कर संकलन गर्ने निर्णय गरियो ।

निर्णय नं. २० यस आ.व. ०६८।६९ को माघ मसान्त सम्ममा घरजग्गा कर तिर्नु पर्ने दायित्व भएका सम्पूर्ण करदाताहरुलाई करको दायरामा आउनको लागि सम्पूर्ण जरिवाना छुट गर्ने गरी गरिएको व्यवस्थाको व्यापक प्रचार प्रसार गर्ने । उक्त अवधि पश्चात अर्थात फागुण १ गतेदेखि लागु हुने गरी विगत दुई आर्थिक वर्षको घर जग्गा कर बक्यौता भएका करदाताहरुको सम्बन्धमा सम्बन्धित कर अधिकृतले १ प्रतिशत जरिवाना गरी कर असुली गर्ने । दुई वर्ष भन्दा वढी पाँच वर्ष सम्मको वक्यौता रहेको करदाताहरुको कर असुली गर्दा कुल कर रकमको दुई प्रतिशत र सो भन्दा माथि अर्थात ५ वर्ष भन्दा माथि जतिसुकै अवधिको वक्यौता भएपनि ५% जरिवाना सहित वक्यौता कर असुली गर्ने निर्णय गरियो । तर सो जरिवाना रकम रु. पाँच हजार भन्दा बढी हुनेछैन ।

निर्णय नं. २१ महानगरपालिकाको वर्तमान ऋण दायित्वलाई मध्येनजर गरी महानगरपालिकाले प्रत्यक्ष रुपमा वित्तीय लाभ प्राप्त गर्ने पूर्वाधार विकास कार्यक्रम वा आयोजनालाई वाहेक अन्य विकास कार्यक्रम सञ्चालन गर्न ऋण नलिने निर्णय गरियो ।

निर्णय नं. २२ विगतमा शहरी सडक तथा वातावरण सुधार अयोजना कार्यान्वयनको लागि सरकारले महानगरपालिकालाई प्रदान गरेको ऋणको सावा तथा व्याज मिनाहाको लागि नेपाल सरकारसँग अनुरोध गर्ने र यसका लागि आवश्यक पहलकदमी समेत गर्ने निर्णय गरियो ।

निर्णय नं. २३ स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ३९(च) वमोजिमको अनुसूचि अनुसार काठमाडौं महानगरपालिकाको दैनिक आम्दानी विवरणलाई अझ स्पष्ट गर्नु पर्ने देखिएकोले राजश्व महाशाखाबाट तोकिएको ढांचामा दैनिक आम्दानी विवरण फाराम र दैनिक मालपोत विवरण फाराम सम्वन्धीत वडा कार्यालय वा राजस्व आम्दानी गर्ने शाखा तथा इकाईले २०६८ श्रावण देखि दैनिक अनिवार्य रुपमा राख्ने निर्णय गरियो ।

## वातावरण व्यवस्थापन सम्बन्धी

निर्णय नं. २४ फोहोरमैला व्यवस्थापन सम्वन्धी केही सेवा शुल्क निर्धारण गरी सेवा सञ्चालन गर्ने सम्वन्धमा का.म.पा. वोर्डको मिति २०६७।१२।१४ को निर्णयमा रहेको तल उल्लेखित दर शुल्क सम्बन्धि निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

| क.स | सेवाको प्रकारको किसिम | रकम रु. |
|---|---|---|
| १. | Green Garbage Bin Service(Vehicle self loading/ unloading garbage Truck) | ६० / विन |
| २. | कन्टेनर सेवाः | |

| | | |
|---|---|---|
| | क) ५ कि.मी. सडक दैनिक रुपमा बढार्ने सम्झौता गर्ने संस्थाको<br>ख) सडक नबढारी कन्टेनर सेवा मात्र लिने संस्थाको लागि | २०००/ ट्रिप<br>४०००/ ट्रिप |
| ३. | Small Garbage Truck सेवा | ७००/ ट्रिप |
| ४. | Broomer Service | ५००/ घण्टा |

निर्णय नं. २५ सेवाग्राहीले उल्लेखित सेवा लिंदा वुझाउनु पर्ने धरौटी रकम का.म.पा. वोर्डले निर्णय गरे वमोजिम हुनेछ । का.म.पा. क्षेत्र भित्रको फोहरमैला ब्यवस्थापन कार्यलाई प्रभावकारी ढंगले ब्यवस्थापन गरी श्रोत परिचालन गर्न फोहरमैला शुल्क लगाउनु आवश्यक देखिएकोले छ महिना भित्र सो सम्वन्धी अध्ययन गरी प्रतिवेदन पेश गर्न लगाउन र सो प्रतिवेदन कार्यान्वयन गर्न का.म.पा.वोर्डलाई निर्देशन दिने निर्णय गरीयो ।

निर्णय नं. २६ गत आ.व. सम्मको लागि कम्पोष्ट बीन सहुलियत दरमा स्थानीय जनतालाई उपलब्ध गराउन कम्पोष्ट बीनको कुल मुल्य रु १८६२।२४ मा छुट दिई रु १५००।- कायम गर्ने सम्वन्धमा का.म.पा. वोर्डको निर्णय अनुमोदन गरियो । आगामी आ.व. ०६८।६९ का लागि कम्पोष्ट विनको परल मुल्यमा रु. ३०० छुट दिई स्थानीय वासीलाई वितरण गर्ने निर्णय गरियो ।

निर्णय नं. २७ वातावरण विभागले तर्जुमा गरी का.म.पा. बोर्डबाट स्वीकृत फोहर मैला व्यवस्थापन सम्बन्धि निर्देशिका दलीय संयन्त्रको सहमति पश्चात मात्र संचालन हुने गरी फोहोरमैला व्यवस्थापन सम्वन्धी परियोजना संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. २८ का.म.पा.का सवारी साधनहरुको प्रभावकारी परिचालन गर्न सवारी साधन परिचालन निर्देशिका तर्जुमा गरी दलीय संयन्त्रको सहमति पश्चात कार्यान्वयनमा ल्याउन का.म.पा.लाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. २९ ऐतिहासिक रानीपोखरीको उचित संरक्षण गर्नका लागि रानीपोखरीलाई प्रचलित परम्परा अनुसार मात्र खुला गर्ने तथा प्रचलित परम्परा बमोजिम बाहेक अन्य प्रयोजनका लागि कुनैपनि गतिविधि गर्न निषेध गर्ने निर्णय गरियो ।

निर्णय नं. ३० वातावरण व्यवस्थापन विभागमा रहेका ट्रयाक्टरहरु सामान्य मर्मत एवं रंगरोगन गरी अन्य स्थानीय निकायलाई प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ३१ महानगरपालिका क्षेत्रभित्र फोहोरमैला व्यवस्थापनको काम (संकलन र ढुवानी कार्यमा वा दुवै) मा कार्यरत संगठित निजी क्षेत्र, गैर सरकारी संस्था, सामूदायिक संस्था, क्लव आदि संग खुल्ला प्रतिस्पर्धात्मक माध्यमबाट आवधिक (बढीमा ५ वर्षको) संझौता गरी फोहोरमैला व्यवस्थापन कार्यमा निजीक्षेत्रको सहभागितालाई नियमन र नियन्त्रण गर्ने गरी सेवाग्राहीलाई

तोकिने सेवा शुल्क समेत स्पष्ट उल्लेख हुने गरी एक आचार संहिता र कार्य सम्पादन निर्देशिका बनाई दलीय संयन्त्रको सहमतिमा लागू गर्ने निर्णय गरियो ।

निर्णय नं. ३२ वालाजु वाईसधाराको साथै महानगरपालिकाको स्वामित्व र दायित्व भित्र रहेका पार्क र उद्यानहरु सम्बन्धी बिबिध विषयमा अध्ययनको लागि दलीय प्रतिनिधि सहितको एक समिति (५ दलका ५ प्रतिनिधि, प्रशासन र कानून महाशाखाका अधिकृत भएको) गठन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३३ इन्धन सुविधा दाहोरो तेहरो लिने प्रवृतिलाई निरुत्साहित गर्न यसै आ.व. देखि फोहर मैला सवारी साधनहरुको इन्धन वातावरण विभागबाट र अन्य सवारी साधनहरु प्रशासन विभाग अन्तर्गत आन्तरिक प्रशासन, सवारी शाखावाट मात्र वितरण गर्ने निर्णय गरियो ।

निर्णय नं. ३४ इन्धन सुविधा पाइने भनी परिभाषित महानगरपालिकाका कर्मचारी र इन्धन सुविधा दिने गरी सम्झौता भएका अन्य निकाय बाहेक अन्य कसैलाई पनि इन्धन सुविधा दिन नपाइने निर्णय गरियो ।

निर्णय नं. ३५ ओखरपौवा स्थित फोहर प्रभावित जनसंख्यालाई ध्यानमा राखि धादिङ्ग र नुवाकोट क्षेत्रको लागि एक एक वटा चीनवाट प्राप्त एम्वुलेन्स दिने निर्णय गरीयो ।

**प्रशासन र व्यवस्थापन सम्बन्धी**

निर्णय नं. ३६ हनुमानढोका दरबार क्षेत्र संरक्षण कार्यक्रम बसन्तपुरको संगठनात्मक स्वरुप दलीय संयन्त्रको सहमति प्रश्चात लागु गर्ने  निर्णय गरियो ।

निर्णय नं. ३७ आ.व. ०६७०६८ को वजेट नीति तथा कार्यक्रमको विशेष निर्णय नं १६ मा गरिएको व्यवस्था हाल कार्यरत सहायक स्तर द्वितीय तहको हकमा समेत लागु गर्ने निर्णय गरियो र यसरी स्तरवृद्धि/बढुवा गरिएपछि निजहरुको साविकको पद स्वतः रद्द हुनेछ र माथिलो पद सृजना गर्ने निर्णय गरियो ।

निर्णय नं. ३८ जुन पदमा नियुक्त पाएका हुन सोही पदमा काम लगाउन व्यवस्था कडाईका साथ कार्यान्वयन गर्ने व्यवस्था गर्ने निर्णय गरियो ।

निर्णय नं. ३९ साधारणतया २ वर्ष नपुगि कुनै पनि पदमा कार्यरत कर्मचारीलाई सरुवा नगर्ने, समयावधि अघि सरुवा गर्नु पर्ने भए कारण सहित सरुवा गर्ने व्यवस्था मिलाउन निर्णय गरियो ।

निर्णय नं. ४० सरुवा बढूवा हुंदा कुनै पनि व्यक्तिले का.म.पा. लाई तिर्नु पर्ने बुझाउनु पर्ने वा फछर्यौट गर्नु पर्ने भए रकम फरफारक नभएमा निर्दिष्ट स्थानमा सरुवा वा बढूवा गरिने छैन, र केन्द्रीय प्रशासन विभागमा हाजिर हुन बाध्य पारिनेछ । (स्पष्टिकरण : सरुवा भएको अवस्थामा ७ दिन भित्र फरफारक गरेको पत्र प्रशासनमा पेश भए पछि मात्र उक्त सरुवा लागु हुनेछ । )

निर्णय नं. ४१ काठमाडौं महानगरपालिकाको दरबन्दीमा समयसामयिक परिवर्तन गर्न आवश्यक देखिएकोले हाल कायम प्राबिधिक आठौं तह (उपनिर्देशक प्राविधिक पद) मा

भएको दरबन्दी संख्या सातमा चार थप गरी एघार र प्रशासन आठौं तह ( उपनिर्देशक प्रशासनिक पद) मा हाल रहेको दरबन्दी संख्या आठमा आठ थप गरी सोह्र कायम गर्ने निर्णय गरियो ।

निर्णय नं. ४२ काठमाडौं महानगरपालिकामा विगतमा कामपाको विभिन्न पदमा अस्थायी, करार तथा दैनिक ज्यालादारीमा सेवा प्रारम्भ गरी सो सेवालाई अविछिन्न राखी पछि स्थायी नियुक्ति भएका कर्मचारीहरुले आफुले अस्थायी, करार र दैनिक ज्यालादारीको सेवा गणना गर्न चाहेमा नियमानुसार गर्ने निर्णय गरियो :

*क) अधिकृतस्तरको पदमा गरेको सेवा अवधिवापत छैसाठ्ठी प्रतिशत*
*ख) सहायकस्तरको पदमा गरेको सेवा अवधिवापत पचहत्तर प्रतिशत*

निर्णय नं. ४३ प्रशासन विभागको सहमति लिएर मात्र कुनै पनि विभाग/महाशाखा/शाखाले आफू अन्तर्गतको कर्मचारीको सरुवा, सेवा सुविधा थपघट गर्न सक्ने छन यदि भए गरेको नपाइएमा निर्णयकर्तालाई विभागीय कारवाही गर्ने निर्णय गरियो ।

निर्णय नं. ४४ स्थानीय स्वायत्त शासन नियमावली २०५६ (चौथो संशोधन) को नियम २२५ख बमोजिम बिशेष बढुवा गरिएका कर्मचारीहरु बढुवा भएको समान तह, सेवा को रिक्त रहेका पदहरुमा नियमानुसार समायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४५ सेवाग्राहीलाई छिटो छरितो सेवा पुऱ्याउनु सबै कर्मचारीहरुको कर्तव्य हुने भएकोले सेवाग्राहीको मूल्यांकन समेतका आधारमा जिम्मेवारी दिने व्यवस्था व्यवस्था मिलाउने र निर्धारित मापदण्ड पुरा नगर्ने कर्मचारीलाई कम्तिमा १ वर्ष Front Desk को जिम्मेवारी नदिने व्यवस्था मिलाउन कार्यकारी अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ४६ कुनै पनि विभाग/महाशाखा/शाखा वा अन्य स्थानमा कार्यरत कर्मचारीलाई बजेट नीति तथा कार्यक्रममा उल्लेख भएका वाहेकको स्थान वा व्यक्तिलाई भत्ता उपलव्ध नगराउने र अतिरिक्त समय भत्ता उपलब्ध गराउने सम्बन्धमा समेत प्रशासन विभागको पूर्व अनुमति लिएर मात्र सो सुविधा उपलब्ध गराउने सम्बन्धी नीतिगत व्यवस्था मिलाउन का.म.पा. वोर्डलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ४७ काठमाडौं महानगरपालिकाका कर्मचारी तथा पदाधिकारीहरु विदेश भ्रमणको क्रममा लैजाने उपहार सामाग्रीलाई व्यवस्थित गर्नु पर्ने देखिएकोले प्रमुख तथा कार्यकारी अधिकृतको लागि वा प्रमुखको प्रतिनिधित्व गर्नेले एकपटकको लागि दश हजार मात्र र अन्य अधिकृत कर्मचारीहरुले वढीमा पाँच हजारसम्मको उपहार लैजाने । यसरी उपहार लैजांदा एउटा समूहमा समूह नेताले मात्र सो वराबरको उपहार लैजाने व्यवस्था मिलाउन महानगरपालिलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ४८ नेपाल सरकारले आ.व. २०६८।६९ को वजेट वक्तव्य मार्फत निर्धारण गरेको कर्मचारीको तलब, भत्ता, पोशाक तथा अन्य सुबिधा भत्ता महानगरपालिकाको हकमा पनि सम्पुर्ण कर्मचारीहरुमा (करार कर्मचारीको हकमा करारमा उल्लेख भएको बाहेक पोशाक भत्ता मात्र उपलब्ध गराउने) लागू गर्ने निर्णय गरियो ।

निर्णय नं. ४९ २०६७।४।९ गते का.म.पा. र नेवाः स्वायत्त राज्य मंका संघर्ष समिति बीच भएको सम्झौता मुताबिक नेवाः डेस्क सञ्चालन गर्न नेवाः स्वायत्त राज्य मंका संघर्ष समितिलाई एकमुष्ठ रु १,५०,०००/०० अनुदान दिने निर्णय गरियो ।

नेवाः डेस्कका लागि कोठा र कार्यालय सामान का.म.पा.ले व्यवस्था गर्नेछ ।

निर्णय नं. ५० काठमाडौं महानगरपालिकाका विभागीय प्रमुख तथा अन्य अधिकृतहरुलाई यातायात सुबिधा दिन देहाय बमोजिम गर्ने:

क) काठमाडौं महानगरपालिकाले नवौं तहका कर्मचारीहरुलाई ४ वर्ष सम्म सेवा अवधि बांकी रहेकालाई सवारी साधन सुबिधाको लागि एक जना सो तहका लागि रु ४,००,००० (चार लाख) उपलब्ध गराउने (चार बर्ष सेवा अवधि नपुग भएका कर्मचारीहरुको हकमा सो सुविधा रकम दामासाहि रुपमा पाउने रकम मात्र उपलब्ध गराईने छ ) र सो बापत महानगरपालिकाले सवारी सुबिधा नदिने । नवौं तह बाहेकका विभागिय प्रमुखहरुले पाउदै आएको सवारी सुबिधाको सट्टामा विभागिय प्रमुख रहुन्जेल सम्मका लागि मासिक रु १०,०००। सवारी सुबिधा बापत उपलब्ध गराउने । यो सुबिधा प्राप्त गरिसके पछि महानगरपालिकाको सवारी साधन प्रयोग गर्न पाइने छैन ।

ख) काठमाडौं महानगरपालिका सातौं र आठौं तहका कर्मचारीहरुका लागि नीजि स्वामित्वमा रह्ने गरी मोटरसाइकल उपलब्ध गराउने बारे अन्तिम निर्णय गर्न कार्यदल बनाइ अध्ययन गर्ने ।

निर्णय नं. ५१ काठमाडौ महानगरपालिकामा रहेका सबै सवारी साधनहरु (नेपाल सरकारले नियुक्त गरी पठाएका अधिकृत बाहेक) पुलमा राख्ने र कार्यालय प्रयोजनका लागि लगबुक भरी सम्बद्ध कर्मचारीले प्रयोग गर्न र लगबुककै आधारमा इन्धन उपलब्ध गराउने व्यवस्था प्रशासन तथा संगठन विभागले मिलाउने कार्य गर्न महानगरपालिकालाई निर्देशन दिने र यस कार्य कार्यान्वयनको लागि समेत सवारी शाखाको रुपमा आन्तरिक प्रशासन शाखाले गर्ने निर्णय गरियो ।

निर्णय नं. ५२ काठमाडौं महानगरपालिका सँग रहेका लिलाम गर्न पर्ने सवारी साधनहरु छनौट गर्न कार्यदल गठन गरी सो कार्यदलको प्रतिवेदन कार्यान्वयन गर्न समिति बनाइ क्रमस सवारी साधनहरु लिलाम गर्दै जाने निर्णय गरियो ।

निर्णय नं. ५३ आर्थिक वर्ष २०६८/६९ को स्वीकृत बजेटको परिधि भित्र रही खरिद ऐन २०६३ को दफा ६ तथा स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली २०६४ को

नियम ६२ बमोजिम खरिद इकाइले **वार्षिक खरिद योजना** स्वीकृत गराइ कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५४ महानगरपालिकामा इन्धन वितरणमा तोकेको मापदण्ड विपरित देखिएको हुँदा त्यसको छानविन गर्न दलीय संयन्त्रको प्रतिनिधित्व सहित एक छानवीन कार्यदल गठन गर्ने र प्राप्त प्रतिवेदन अनुसार दोषी माथी कारवाही गर्ने निर्णय गरियो । आगामि दिनमा अनुसुची नं १ मा उल्लेख भए अनुसारको विवरण भरेर इन्धन रेकर्ड दुरुष्ट राख्ने समेत निर्णय गरियो ।

## भौतिक पूर्वाधार सुधार कार्यक्रम

निर्णय नं. ५५ महानगरपालिकाका सम्पूर्ण विभाग, महाशाखा, शाखा, इकाइ आदिको लागि आवश्यक भौतिक पूर्वाधार निर्माण सम्बन्धी कार्यहरु भौतिक विकास तथा निर्माण विभागबाट गर्ने गराउने अनिवार्य व्यवस्था मिलाउने निर्णय गरियो ।

निर्णय नं. ५६ स्थानीय स्वायत्त शासन ऐनको दफा १२३ अनुसार महानगरपालिकाबाट आर्थिक वर्ष २०६७।६८ मा सम्पन्न भएका तथा प्राबिधिकहरुले पेश गरेको कार्य सम्पन्न प्रतिवेदन र मूल्यांकनका आधारमा जांचपास तथा फरफारक भएका आयोजनाहरुको जांचपास तथा फरफारक गर्न एक समिति बनाइ कार्य सम्पन्न गर्ने निर्णय गरियो ।

निर्णय नं. ५७ एकै पटकमा एकै स्थानमा एक भन्दा बढी प्रकृतिको नयां निर्माण कार्य संचालन गर्न आवश्यक भएमा एकै आर्थिक वर्षमा ती मध्ये कुनै एक वटा कार्यमा मात्र महानगरपालिकाबाट लगानी गर्ने अर्थात दोहोरो नयां निर्माण योजना जस्तै ढल निर्माण गरी कालोपत्रे गर्ने कार्य वा खानेपानीको पाइप बिछ्याई कालोपत्रे गर्ने कार्यहरु आदिमा महानगरपालिकाबाट पूर्ण लगानी नगर्ने निर्णय गरियो ।

निर्णय नं. ५८ उपभोक्ता समिति मार्फत सञ्चालित कुनै पनि प्रकारको पूर्वाधार निर्माण तथा मर्मत कार्य पूर्ण रुपमा सम्पन्न नभएसम्म उक्त उपभोक्ता समितिलाई अन्य कुनै पनि प्रकारको पूर्वाधार निर्माण तथा मर्मत कार्य गर्नको लागि जिम्मेवारी नदिने निर्णय गरियो ।

निर्णय नं. ५९ आपतकालीन तथा आकस्मिक पूर्वाधार मर्मत संभारको लागि विनियोजित रकम यहि श्रावण मसान्त भित्र मर्मत सम्भार कोषमा जम्मा गर्ने निर्णय गरियो ।

निर्णय नं. ६० नेपाल सरकारबाट प्राप्त पुजिगत अनुदानमध्ये स्थानीय विकास शुल्क बापतको रकमबाट वडा स्तरीय पूर्वाधार विकास तथा मर्मत सम्भारको लागि प्राथमिकता दिई निकासा उपलब्ध गराउने ।

निर्णय नं. ६१ वडास्तरमा संचालन गरिने नयाँ योजनाहरु कार्यान्वनय गर्दा योजनाको छनौट तथा जन सहभागिताको अंश बारेमा कामपामा प्रतिनिधित्व गर्ने राजनीतिक दलको वडास्तरीय राजनीतिक दलका प्रतिनिधिहरुको बैठकबाट निर्णय भए अनुसार गर्ने निर्णय गरियो ।

निर्णय नं. ६२ महानपालिका क्षेत्र भित्र सडक मर्मत सम्भार कार्यलाई प्रभावकारी ढंगले सञ्चालन गर्न कामपामा एक श्रोत साधन सहितको मर्मत शाखा तीन महिना भित्र गठन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६३ महानगरपालिका क्षेत्रमा रहेका भद्रकालि र केन्द्रीय कारागारस्थित अवरुद्ध सडकहरु सुचारु गर्न नेपाल सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ६४ महानगरपलिका क्षेत्रका Bottleneck सडकहरुको सुधार गर्न अध्ययन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६५ सिंहदरबार अगाडीको गोदामबाट पैदल यात्रुका लागि सव वे निमाण गर्न आवश्यक पहल गर्ने निर्णय गरियो ।

निर्णय नं. ६६ चमति जग्गा एकीकरण आयोजनालाई प्रभावकारी ढंगले सम्पादन गर्न दलिय संयन्त्र सहितको कार्यदल गठन गरी उक्त समितिले १ महिनाभित्र सुझाव प्रतिवेदन पेश गर्ने र पेश भएको सुझाव अनुसार आयोजना सम्पन्न गर्ने निर्णय गरियो ।

निर्णय नं. ६७ चालु योजनाको शिर्षकमा रहेको रकम सर्वदलीय संयन्त्रको परामर्शमा भुक्तानी गर्ने निर्णय गरीयो ।

## सामाजिक विकास सम्बन्धी

निर्णय नं. ६८ उपभोक्ताहरुलाई स्वस्थकर मासु उपलब्ध गराउन मासु व्यवसायीहरुको सहकारी मार्फत काठमाडौ उपत्यकामा १३ वटा बधस्थल निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं. ६९ शहरी स्वास्थ्य कार्यक्रम अन्तर्गत स्वास्थ्य सेवाको पहुँच नपुगेका जनसमुदायलाई स्वास्थ्य सेवा उपलब्ध गराउन र हाल संचालनमा रहेका शहरी स्वास्थ्य केन्द्रहरुलाई सुदृढ गर्ने नीति अनुरुप नेपाल सरकारवाट प्राप्त अनुदानमा साझेदारीको अवधारणा बमोजिम थप ६ वटा महानगरीय स्वास्थ्य केन्द्र स्थापना गरि संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ७० एउटा पंक्षी बजारको निर्माण गर्ने निर्णय गरियो ।

## सूचना तथा संचार

निर्णय नं. ७१ मेट्रो एफ एम र हाम्रो काठमाडौं टिभि कार्यक्रम थप प्रभावकारी ढंगले संचालन गर्न दलीय संयन्त्रका प्रतिनिधि सहितको एक अधिकार सम्पन्न संचालन तथा व्यवस्थापन समिति गठन गरिनेछ । समितिको कार्य विवरण तोकिएबमोजिम निर्णय गरीयो ।

निर्णय नं. ७२ हाम्रो काठमाडौं टेलिभिजन कार्यक्रम मितव्ययी ढंगबाट सम्पादन गर्न दलीय संयन्त्रका प्रतिनिधि सहितको अध्ययन समिति गठन गरी सो समितिको निर्णय अनुसार कार्य सम्पन्न गर्ने निर्णय गरियो ।

निर्णय नं. ७३ सार्वजनिक सुनुवाई विस्तार गर्ने निर्णय गरियो ।

निर्णय नं. ७४ कम्प्युटर, सफ्टवयेर प्रोग्राम र सर्भरहरु कुनै पनि बिभागको लागि खरीद गर्दा वा गर्नुपर्दा सूचना प्रविधि महाशाखाबाट जाच पास नगराएको अवस्थामा भुक्तानी रोक्का हुने निर्णय गरियो ।

**सम्पदा तथा सँस्कृति सम्बन्धी**

निर्णय नं. ७५ काठमाडौं उपत्यकामा रहेका मूर्त तथा अमूर्त साँस्कृतिक संम्पदा, संरक्षण सम्वर्द्धन गर्न स्थानीय स्तरमां वडा स्तरिय **"साँस्कृतिक सम्पदा संरक्षण समिति"** गठन गरी परम्परागत साँस्कृतिक जात्रापर्व एंव स्रस्कृतिलाई जीवन्त राख्ने कार्य गर्ने निर्णय गरियो ।

निर्णय नं. ७६ हनुमानढोका दरवार क्षेत्रमा उठाउदै आएको शुल्क परिवर्तन गरि सार्क राष्ट्रको शुल्क यथाबत कायम राखिने र अन्य राष्ट्रको लागि रु ३००। बाट रु ५००। शुल्क निर्धारण गर्ने निर्णय गरियो ।

निर्णय नं. ७७ सत्रौं नगरपषिदले महानगरपालिका भित्र सञ्चालन हुने सम्पूर्ण जात्रा पर्व सँस्कृतिका लागि का.म.पा.ले उपलब्ध गराउनु पर्ने आर्थिक सहायता हुनमान ढोका दरवार क्षेत्र संरक्षण समितिबाट उपलब्ध गराउने निर्णय गर्नुका साथै सो कार्यका लागि समिति पुनरगठित गरी सो समितिको कार्यविधि ठोस गर्ने र हनुमान ढोका दरवार संरक्षण समितिले यस आ.व.मा रु. ५०,००,००० (पचास लाख) जात्रापर्व सञ्चालनका लागि बजेट बिनियोजन गर्न निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ७८ हनुमान ढोका दरवार क्षेत्र संरक्षण कार्यक्रमको क्षेत्रलाई विस्तार गर्ने नीतिलाई कार्यान्वयन गर्न अध्ययन कार्यदल गठन गर्ने निर्णय गरियो ।

**शहरी विभाग**

निर्णय नं. ७९ भवन आचार संहिता र का.म.पा.को भवन निर्माण मापदण्ड भित्र रही निर्माण भएका र नक्शापास नगरी बसेकाहरुलाई प्रक्रिया पुऱ्याइ यही आ.व.को असोज मसान्तसम्म नक्शा दर्ताको लागि आव्हान गर्ने र आव्हान गरेको समय भित्र यसरी दर्तामा आउनेहरुलाई जरीवाना छुट दिने निर्णय गरियो ।

निर्णय नं. ८० मौजुदा भवन संहिता र निर्माण मापदण्डलाई समयानुकुल परिमार्जन र संशोधन गर्न सम्वद्ध निकार्यहरुसंग समन्वय राखी एक कार्यदल बनाएर परिमार्जन गर्न सिफारिस गर्ने निर्णय गरीयो ।

निर्णय नं. ८१ महानगरपालिकाबाट सेवाग्राहीले भवन नक्शापास गर्न आउँदा नक्शाको फोटोकपीको (Hard Copy) साथ कम्प्युटरमा कपी गर्न सकिने माध्यम (Soft Copy) पनि अनिवार्य बुझाउनु पर्ने र पुराना नक्शाहरु पनि स्क्यान गरी रिकर्ड राख्न शहरी बिकास बिभागलाई निर्देशन दिने निर्णय गरियो ।

## अन्य

निर्णय नं. ८२ महानगरपालिकाबाट दिइने अनुदान शिर्षकका सबै खाले सहयोग दलीय संयन्त्रको स्वीकृति पछि मात्र का.म.पा.ले बितरण गर्ने निर्णय गरियो । सो अनुसार गर्न गराउन वित्त विभाग र आ.ले.प. लाई निर्देशन दिने निर्णय गरियो । यसरी अनुदान दिदा एउटा संस्थालाई एक आ.व.मा रु १०,००० भन्दा बढी नदिने निर्णय गरियो ।

निर्णय नं. ८३ यस बजेट पुस्तिकामा उल्लेख भएको नीति तथा रणनीति र विशेष निर्णयसँग बाझिएको हकमा यसैमा उल्लेख भए बमोजिम हुने र अन्यको हकमा विगत वर्षका नीति र विशेष निर्णयहरूलाई निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं. ८४ सोह्रौं नगर परिषद्को विशेष निर्णय नं. २० लाई निरन्तरता दिंदै स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ९४ बमोजिम परिषद्ले गर्ने काम अर्को परिषद् नभएसम्मको लागि काठमाडौं महानगरपालिकामा प्रतिनिधित्व गर्ने सर्वदलीय संयन्त्रको निर्णय बमोजिम महानगरपालिकाले कार्यान्वय गर्न अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ८५ आ.व. ०६८/६९ को नीति तथा कार्यक्रमले निर्धारण गरेको कार्यक्रम तथा बजेट भन्दा फरक कुनै निर्णय लिनुपर्ने बिशेष अवस्था आएमा बिशेष निर्णय नं. ८४ अनुसारको अधिकार प्राप्त समितिको बैठकले मात्र गर्न सक्नेछ । सो समितिको निर्णय बिना गरिएको सबै निर्णय बदर हुने निर्णय गरियो ।

निर्णय नं. ८६ भौतिक पूर्वाधार सम्बन्धि नयाँ योजनाहरु छनोट गर्दा दलीय संयन्त्रको बैठकबाट स्वीकृत गराउनु पर्ने निर्णय गरियो ।

निर्णय नं. ८७ का.म.पा.ले एकीकृत बैकिङ्ग सेवा लिन बोलपत्र मार्फत नविल बैक छनोट भएकोलाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ८८ का.म.पा. भित्र रहेको सबै ओभर हेड व्रिज (पुल) मा पुलको सतहबाट ३ फिट माथिबाट मात्र ४ फिट उचाइको प्रचारात्मक बोर्ड राख्न लगाउने निर्णय गरियो । सो अनुसार कार्य गर्न गराउन कार्यान्वयन महाशाखालाई निर्देशन दिने समेत निर्णय गरियो ।

निर्णय नं. ८९ महानगरपालिकाले अन्तक्रिया गोष्ठी आयोजना गर्दा प्रति सहभागितामा खाजा खर्च वापत रु.२०० (दुई) सय सम्म खर्च गरि मितब्ययिता अपनाईने छ ।

निर्णय नं. ९० आ.व. २०६७/६८ भन्दा अगाडिका चालु शिर्षकमा रहेका योजनाहरुको अवस्था बुझि फरफारक गर्न एक कार्यदल बनाउने र सो कार्यदलको प्रतिवेदन अनुसार गर्न गराउन निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ९१ महानगरपालिका भित्र रहेका सडकहरुको मर्मत सम्भारको व्यापक माग रहेको र कालोपत्रे गर्ने कार्य गुणस्तरिय र मितव्ययी बनाउन मर्मत सम्भारका लागि टेण्डर आव्हान गर्दा टुक्रे प्रणालिलाई निरुत्साहित गर्दै एकमुष्ठ हुने गरी टेण्डर आव्हान गर्ने निर्णय गरियो ।

निर्णय नं. ९२ का.म.पा. भित्री शहरको बस्तीलाई व्यवस्थित गर्न हाउस पुलिङ्ग को अवधारणा अबलम्बन गर्न यसै आ.व.मा सम्भाव्यता अध्ययन सम्पन्न गरिसक्ने निर्णय गरियो । यसका लागि दलीय संयन्त्रका सदस्यको समेत सहभागिता रहने गरी समिति गठन गर्ने निर्णय गरियो ।

निर्णय नं. ९३ सत्रौं नगरपषिदमा महानगरपालिकाबाट प्रकाशित गरिने सबै खाले बिज्ञापन र सूचनाहरु गोरखापत्र दैनिकका साथै नेपाल भाषामा काठमाडौ. महानगर क्षेत्र भित्रबाट प्रकाशित हुने एउटा दैनिक पत्रिकाबाट समेत प्रवाह गरिने निर्णय गरेकोलाई निरन्तरता दिदै नेपालभाषाबाट प्रकाशित हुने राष्ट्रिय दैनिकहरुलाई सूचीकृत हुन आव्हान गर्ने र आलोपालो बिज्ञापन उपलब्ध गराउने साथै यसरी बिज्ञापन उपलब्ध गराउदा सूचीकृत एजेण्ट मार्फत आउनु नपर्ने निर्णय गरियो ।

निर्णय नं. ९४ जुडोहलको व्यवस्थापन, अनुगमन र सञ्चालन थप प्रभावकारी बनाउन दलीय संयन्त्र समेतको सहभागितामा एक सञ्चालक समिति गठन गर्ने निर्णय गरियो ।

निर्णय नं. ९५ महानगरपालिकाबाट गरिने सबै खाले टेण्डर, ठेक्कापट्टा, कोटेशन तथा सुचना अनिवार्यरुपमा सार्वजनिक सुचना प्रकाशित गरी त्यसको जानकारी उच्चस्तरिय अनुगमन समितिमा पठाउने र महानगरपालिका केन्द्रीय कार्यालयको सुचना पाटीमा सुचना प्रभावकारी रहने अवधिभरि टाँस्ने निर्णय गरियो ।

निर्णय नं. ९६ महानगरपालिकाको विभिन्न विभाग, महाशाखा, शाखा, वडाबाट गरिएको सबै खाले सम्झौता समझदारीहरु महानगरपालिकाको कानून महाशाखा मार्फत का.म.पा.केन्द्रिय कार्यालयले ग्रहण गर्ने निर्णय गरीयो । गम्भिर प्रकृतीका र आयश्रोत सम्वन्धी सम्झौताहरु गर्दा दलीय संयन्त्रको सहमतिमा कार्यकारी अधिकृतको सचिवालयले मात्र गर्नुपर्ने निर्णय गरियो ।

निर्णय नं. ९७ गोंगबु नयाँ बसपार्कसँग सम्बन्धित सबै समस्याहरु निराकरण गरी सम्झौतालाई व्यवस्थित र पुनरावलोकन गर्न दलीय संयन्त्रका प्रतिनिधि सहित को एक अधिकार सम्पन्न समिति गठन गर्ने निर्णय गरियो ।

निर्णय नं. ९८ आ.व. ०६८/६९ मा नगरपरिषदको विशेष निर्णयले निर्दिष्ट गरेको बाहेक कुनै प्रकारको थप भत्ता सुबिधा नदिइने निर्णय गरियो । तर उपलब्ध गराउदै आएको महानगर भत्तामा रु.२५० (दूइ सय पचास ) थप दिने गर्ने निर्णय गरीयो ।

निर्णय नं. ९९ अन्तराष्ट्रिय संघ संस्था र भंगिनी शहरको निमन्त्रणामा भाग लिन विदेश जाँदा महानगरपालिकाको औपचारिक प्रतिनिधित्व गर्ने प्रतिनिधिको अन्तिम निर्णय

अन्तराष्ट्रिय सम्बन्ध विस्तार समितिको निर्णयमा महानगरपालिकाले गर्नेछ । कर्मचारीहरुको हकमा प्रमुख तथा कार्यकारी अधिकृतले निर्णय गरी स्थानीय विकास मन्त्रालयको स्वीकृत लिनु पर्ने व्यवस्थालाई यथावत राख्ने निर्णय गरियो ।

निर्णय नं. १०० शहरमा व्याप्त यातायात भार कम गर्ने उद्देश्यले विभिन्न देशमा चलिरहेको कार मुक्त शहर (Car free city) को अभियानबारे अध्ययन गरी प्रतिवेदन लिने निर्णय गरियो ।

निर्णय नं. १०१ सत्रौं नगरपरिषद्वाट अनुमोदन २०६७ साल श्रावण ११ गते पुनरगठन भएको उच्चस्तरिय अनुगमन समिति पुनरगठन गर्ने निर्णय गरीयो । पुनरगठित उच्च स्तरिय समिति तपसिल अनुसार रह्ने निर्णय गरियो ।

| | |
|---|---|
| संयोजक | प्रतिनिधि नेपाली कांग्रेस |
| सदस्य | प्रतिनिधि एनेकपा माओवादी |
| सदस्य | प्रतिनिधि नेकपा एमाले |
| सदस्य | प्रतिनिधि नेकपा माले |
| सदस्य | प्रतिनिधि नेपाल सद्भावना पार्टी |
| सदस्य सचिव | तोकेएको अनुसार हुने |

निर्णय नं. १०२ दलीय संयन्त्रको बैंठकले सहमतिको आधारमा अन्य समिति पुनरगठन र आवश्यकता अनुसार समितिहरु गठन गर्ने निर्णय गरियो ।

निर्णय नं. १०३ काठमाडौं महानगरपालिका पुरानो वसपार्कका ठेकेदार विनोद थापासंग लिन बांकी रकम सम्वन्धमा अन्तिम निर्णय गरी असुल उपर समेत गर्ने गरी निम्न पदाधिकारीहरु रहने गरी एक महिना भित्र कार्य सम्पन्न गर्ने गरी कार्यदल गठन गर्ने निर्णय गरीयो ।

| | | |
|---|---|---|
| संयोजक, | राजनैतिक संयन्त्रका प्रतिनिधि | श्री निरन्जन पौडेल |
| सदस्य, | राजश्व महाशाखा प्रमुख | श्री नूरनिधि न्यौपाने |
| सदस्य, | कानून महाशाखा प्रमुख | श्री वसन्त आचार्य |
| सदस्य सचिव, | प्रशासन महाशाखा प्रमुख | श्री महेश काफले |

निर्णय नं. १०४ काठमाडौ महानगरपालिका वातावरण विभाग बाहेक सबै विभाग, महाशाखा, शाखा, सचिवालय लगायत सबै क्षेत्रका कर्मचारीलाई दिई आएको कार्य बोझको लागि दिइएको अन्य भत्ता खारेज गरी कार्य बोझको आधारमा ओभर टाइम सुविधाको व्यवस्था गर्ने निर्णय गरियो ।

निर्णय नं. १०५ आर्थिक वर्ष २०६८/०६९ को नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्न आवश्यक सबै प्रक्रिया मिलाउन कामपा प्रमुखको संयोजकत्वमा कामपामा

प्रतिनिधित्व गर्ने सर्वदलिय प्रतिनिधिहरु सहितको निम्नानुसारको एक नीति तथा कार्यक्रम कार्यान्वय तथा अनुगमन समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| संयोजक | प्रमुख तथा कार्यकारी अधिकृत, का.म.पा. |
| सदस्य | प्रतिनिधि,एनेकपा माओवादी |
| सदस्य | प्रतिनिधि, नेपाली कांग्रेस |
| सदस्य | प्रतिनिधि, नेकपा एमाले |
| सदस्य | प्रतिनिधि, नेकपा माले |
| सदस्य | प्रतिनिधि,नेपाल सद्भावना पार्टी |
| सदस्य | सवै विभागीय प्रमुखहरु |
| सदस्य सचिव | बजेट तथा लेखा महाशाखा प्रमुख |

निर्णय नं. १०६ भित्री शहरका वडाहरुमा सचिबको जिम्मेवारी लिएर कार्यक्षेत्रमा खटिने कर्मचारीलाई नेपालभाषा (नेवार भाषा) प्रशिक्षण लिने अनिवार्य व्यवस्था मिलाउन प्रशासन विभागलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. १०७ नेपालभाषाबाट नियमित प्रकाशित भइरहेका पत्र पत्रिकाहरुलाई का.म.पा.को सन्देशमूलक सुचना विज्ञापन नियमित प्रकाशित गर्ने शर्तमा दैनिकलाई मासिक ३००० तीन हजार र साप्ताहिक लाई मासिक रु ५०० पाँच सय आर्थिक अनुदान उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १०८ का.म.पा. २८ वडा भवन र स्वास्थ्य क्लिनिक निर्माण हुने भवनको जग्गाको स्वामित्व महानगरपालिकाको रहेको देखिएकोले सो भवन निर्माण सम्बन्धि विगतमा भएका सम्झौताहरुको पुनरावलोकन गर्ने निर्णय गरियो ।